घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीभाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७६

(५) बोलपत्र फारम प्राप्त हुने स्थान र इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उपर्युक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालयको नाम (कार्यालयको नाम खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एकभन्दा बढी स्थानीय तह समेतलाई समावेश गर्न सक्नेछ ।

(८) बोलपत्र बापत लाग्ने दस्तूर,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समंय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरू ।

(छ) खण्ड (च) को उपखण्ड (८) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा देहाय अनुसारको मूल्य कायम गर्नुपर्ने छ ।

(१) बीस लाख रूपैयाँसम्मको लागि रू १०००।-

(२) बीस लाख रूपैयाँ भन्दा माथि दुई करोड रूपैयाँसम्म रू ३०००।-

(३) दुई करोड रूपैयाँ भन्दा माथि दश करोड रूपैयाँ सम्मको लागि रू ५०००।-

(४) दश करोड रूपैयाँ भन्दा माथि पचास करोड रूपैयाँ सम्म रू १००००।-

(५) पचास करोड रूपैयाँ भन्दा माथि रू २००००।-

(ज) खण्ड (च) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरूको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण गगायतका विषयहरू यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(झ) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा वा विशेष कारणबस ठेक्का स्थगित गर्नुपरेमा कम्तीमा ७ दिन म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(ञ) खण्ड (ज) बमोज़िम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (च) बमोजिमको सूचनामा देहायको कुराहरू थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः-

(१) बढाबढ हुने स्थानीय तहको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरू ।

(५) उपदफा (४) को खण्ड (च) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन